वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
Womi Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त वित्तीय संस्था)
दर्ता नं.: १२९६/०६७/०६८
पान नं.: ६००१०९९९२
केन्द्रीय कार्यालयः बनेपा-१४, काभ्रेपलाञ्चोक
फोनः ०११-६६३७१९, ६६२२७५
फ्याक्सः +९७७-११-६६२२७५

च.नं. २११/क-१/०७६/७७.

मिति : २०७६।११।१८

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंह दरवार प्लाजा, काठमाण्डौं ।

**विषय : साधारण सभा प्रयोजनको लागि शेयर दाखिल खारेज बन्द गर्ने बारे ।**

महाशय ,

यस वित्तीय संस्थाको आठौं वार्षिक साधारणसभा मिति २०७६ चैत्र १६ गते आइतबार हुने भएकोले साधारण सभा प्रयोजनको लागि मिति २०७६।११।३० गते देखि २०७६।१२।१६ सम्म शेयर दाखिल खारेज बन्द रहने व्यहोरा मिति २०७६।११।१७ गते शनिवार विहान ९ बजे वसेको सञ्चालक समितिको १४१ औं वैठकको निर्णयानुसार अनुरोध गरिन्छ । साधारण सभा वस्ने वारेको सूचना तथा छलफलका विषयहरु सहितको सूचना मिति २०७६।।११।१९ गतेको अभियान राष्ट्रिय आर्थिक दैनिकमा प्रकाशित गरिने व्यहोराको जानकारी सहित प्रकाशित गरिने सूचना यसै साथ संलग्न गरी तहाँ पेश गरिएको व्यहोरा समेत अनुरोध गरिन्छ ।

संलग्न
प्रकाशित गरिने सूचना - १ प्रति

भवदीय

(प्रमेश आचार्य)
प्रमुख कार्यकारी अधिकृत एवं कम्पनी सचिव

वोधार्थ
१. श्री नेपाल धितोपत्र वोर्ड, जावलाखेल, ललितपुर
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, काठमाण्डौं
३. श्री सिद्धार्थ क्यापिटल लिमिटेड, काठमाण्डौं ।

वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
Womi Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त वित्तीय संस्था)
वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडले नागरिक लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभेको

## आठौं वार्षिक साधारण सभाको सूचना

मिति २०७६ फाल्गुण १७ गते शनिवार वसेको संचालक समितिको १४१ औं वैठकको निर्णयानुसार संस्थाको आठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायमा उल्लिखित विषयहरुमा छलफल गर्न वस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति :२०७६ चैत्र १६ गते आइतवार (तदनुसार २९ मार्च, २०२०)
समय :विहान ११:०० बजे
स्थान :धुलिखेल नगरपालिका-३, धुलिखेल, काभ्रेपलाञ्चोक स्थित जुगल होटलको सभाहल ।
छलफलका विषयहरु :

**क) सामान्य प्रस्तावहरु :**

१.सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७५।०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२.लेखा परीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात, २०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३.कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०७६/७७ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४.सञ्चालक समितिले सिफारिस गरे वमोजिम बोनस शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनको लागि २०७६ असार मसान्तमा कायम चुक्ता पूँजी रु १०,१०,८८,०००।- को १.३१६ प्रतिशतले हुन आउने रकम रु १३,३०,१०५।२६(अक्षरुपी तेह्र लाख तिस हजार एक सय पाँच रुपैया छब्बिस पैसा) नगद लाभांश स्वीकृत गर्ने ।

५.संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ४(चार) तथा सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१.सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७६ असार मसान्तमा कायम चुक्ता पूँजी रु १०,१०,८८,०००।- को २५ प्रतिशतले हुने रकम रु २,५२,७२,०००।-(अक्षरुपी दुई करोड बाउन्न लाख बहत्तर हजार) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा बोनस शेयरको हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२.सञ्चालकको बैठक भत्ता पुनरावोलकन गर्ने ।

३.संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पति तथा दायित्वहरुको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी दिने ।

४.संस्थाको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा वा गर्न निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

**ग) विविध प्रस्तावः**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्वन्धी थप जानकारी**

१.वार्षिक साधारण सभा प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेज २०७६ फाल्गुण ३० गते देखि चैत्र १६ गतेसम्म बन्द रहनेछ ।

२.शेयरधनी दर्ता पुस्तीका बन्द भएको मितिमा कायम शेयरधनी महानुभावहरुको ठेगानामा वार्षिक साधारण सभाको सूचना, संक्षिप्त आर्थिक विवरण, प्रोक्सी फारम र प्रवेश पत्र पठाइने छ । साथै, राष्ट्रियस्तरको दैनिक पत्रिकामा शेयरधनी महानुभावहरुको उपस्थितिको लागि सूचना प्रकाशित गरिनेछ । कुनै शेयरधनी महानुभावले कुनै कारणवश उपरोक्त सूचना नपाउनु भएमा यसै सूचनालाई आधार मानी आफ्नो परिचय खुल्ने कुनै सक्कल परिचय पत्र साथमा लिइ आउनुहुन अनुरोध छ ।

३. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि प्रोक्सी नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारम कम्पनीको केन्द्रीय कार्यालय, बनेपा-१४, साँगा, काभ्रेपलान्चोकमा साधारण सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ती समेत संस्थाको शेयरधनी हुनु आवश्यक छ ।

४. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्बन्धमा केही जिज्ञाशा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं । प्रेषित विषयलाई छलफल र पारीत हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

५. साधारण सभाको दिन साधारण सभा हुनुभन्दा एक घण्टा अगावै देखि शेयरधनी हाजिरी पुस्तीका खुला रहने छ ।

६.नाबालक वा विक्षिप्त शेयरधनीहरुको हकमा वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तीले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधी (प्रोक्सी) तोक्न सक्नेछ ।

७. साधारण सभामा भाग लिन आउँदा, जाँदा लागेका खर्च लगायत कुनै प्रकारको खर्चको सोधभर्ना संस्थाले नदिने व्यहोरा अनुरोध छ ।

८.साधारण सभा सम्वन्धि थप जानकारी चाहिएमा संस्थाको केन्द्रीय कार्यालयको टेलिफोन नं. ०११-६६३७१९ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**निर्वाचन सम्बन्धी जानकारी**

१.सञ्चालक समितिबाट नियुक्त निर्वाचन अधिकृतद्धारा निर्वाचन सम्बन्धी कार्यक्रम मिति २०७६।१२।०७ गते शुक्रवार दिनको २:०० बजे संस्थाको केन्द्रीय कार्यालय, बनेपा–१४, साँगा, काभ्रेपलान्चोकमा प्रकाशित गरिनेछ ।

२.सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले जारी गरेको शेयर मध्ये कुनै पनि प्रकारको धितोबन्धक नरहेको कम्तिमा १०० कित्ता शेयर आफ्नो नाममा ग्रहण गरेको हुनुपर्दछ ।

३.सञ्चालक निर्वाचन सम्वन्धी अन्य जानकारीहरु वित्तीय संस्थाले जारी गरेको 'सञ्चालक निर्वाचन निर्देशिका-२०६९' बमोजिम हुनेछ । उक्त निर्देशिका निर्वाचन सम्बन्धी कार्यक्रम प्रकाशित भए पश्चात शेयरधनीले केन्द्रीय कार्यालयबाट रु ३००।- शुल्क तिरी प्राप्त गर्न सक्नुहुनेछ ।